*"सुशासन, विकास र समृद्धि, भगवतीमाई गाउँपालिकाको अभिवृद्धि"*

# भगवतीमाई गाउँपालिका गाउँसभाका उपाध्यक्ष श्री मिना कुमारी खड्का ज्यूले प्रस्तुत गर्नु भएको

# भगवतीमाई गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को बजेट वक्तव्य

भगवतीमाई गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

बेस्तडा, दैलेख

कर्णाली प्रदेश, नेपाल

# <u>भगवतीमाई गाउँपालिकाको आ.व. २०८२/०८३ को बजेट वक्तव्य</u>

## सभाध्यक्ष महोदय,

१. बहुलबादमा आधारित बहुदलिय प्रतिस्पर्धात्मक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणालीको माध्यमबाट लोकतन्त्रका आधारभूत मूल्य मान्यताको सम्मान, मावन अधिकारको संरक्षण र सुशासन कायम गर्नका लागि देशले लिएको **"समृद्ध नेपाल, सुखी नेपाली"** को राष्ट्रिय आकाङ्क्षा र कर्णाली प्रदेश सरकारको **"समृद्ध कर्णाली, सुखारी कर्णालीबासी"** भन्ने दिर्घकालीन सोचलाई आत्मसात गर्दै भगवतीमाई गाउपालिकाले लिएको ''***सुशासन, विकास र समृद्धि, भगवतीमाईको अभिवृद्धि"*** भन्ने दीर्घकालीन सोच पुरा गर्न दृढ विश्वासका साथ म आर्थिक वर्ष २०८२/०८३ को आय व्ययको विवरण प्रस्तुत गर्न उपस्थित भएको छु ।

२. यस शुभ अवसरमा लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न, नेपालको राष्ट्रियता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधिनता र लोकतन्त्र प्राप्तिको अभियानमा नेतृत्व प्रदान गर्ने हाम्रा वीर पुर्खा, अमर सहिद र अग्रज प्रति उच्च सम्मान व्यक्त गर्दै गाउँपालिकाको सम्मुन्नती र विकासको लागि विगत र वर्तमानमा योगदान पर्याउनुहुने सम्पूर्ण अग्रज एवंम बुद्धिजीविहरु प्रति हार्दिक आभार प्रकट गर्न चाहान्छु ।

३. देशमा संघीय लोकतन्तान्त्रिक गणतन्त्र स्थापना भएपछि दोस्रो पटक निर्वाचित जनप्रतिनिधीहरुको दोस्रो कार्यकालको चौथो वर्ष सुरु भएको छ। चालु वर्षको अनुभवहरुको समिक्षा गर्दै जनताका माझ स्थानीय सरकारको उपस्थितिले दिगो शान्ति, स्थायीत्व, विकास समृद्धि र सामाजिक न्याय तर्फ अगाडी बढ्दै जनताका आकांक्षा जागृत भई सामाजिक न्याय सहितको बहुआयामिक एवम् तिव्र विकास गरि **समृद्धि र विकासको** आकङ्क्षा पुरा गर्न क्रियाशिल रहेको छ।

४. गाउँपालिका सञ्चालनमा विभिन्न किसिमका चुनौतीहरुबीच पनि यस गाउँपालिकाको विकासको आशा अपेक्षामा तिव्र वृद्धि भएकोले सहि नीति, सक्षम नेतृत्व, दृढ आत्मविश्वास र समर्पणका साथ अगाडी बढ्दा सकारात्मक विकासको अभियानलाई तिव्रता दिन सकिन्छ भन्ने सन्देश दिन सफल भएका छौं ।

## सभाध्यक्ष महोदय,

५. **यस बजेटको सोचः" सुशासन, विकास र समृद्धि, भगवतीमाईको अभिवृद्धि रहेको छ ।**

६. **यस बजेटको लक्ष्यः** योजनावद्ध र दिगो विकास गर्दै गाउँपालिकाको आर्थिक, सामाजिक, रुपान्तरण सहितको स्वस्थ, सभ्य र सु-संस्कृत समाजको निर्माण गर्ने रहेको छ ।

## ७. बजेटका उदेश्यहरुः

क. कृषिमा आधुनिकीकरण, व्यवसायीकरण र विविधिकरण गर्नु,

ख. रोजगारी र आयआर्जनका अवसरहरु सिर्जना गर्नु,

ग. आधुनिक र भूकम्प प्रतिरोधी संरचना निर्माण गर्नु,

घ. स्थानीय तहको अधिकार क्षेत्रभित्र गाउँपालिकाले लगाउन र उठाउन पाउने कर प्रणालीमा सुधार गर्ने,

घ. जलवायुमैत्री, बालमैत्री, वातावरणमैत्री स्थानीय शासन पद्धती कार्यान्वयनमा ल्याउने,

ङ. ऐतिहासिक, धार्मिक पर्यटकीय स्थलहरुको संरक्षण, संवद्धन र विकासमा जोड दिने,

च. यस गाँउपालिकाको सामाजिक, भौतिक र आर्थिक विकासको लागि लगानी मैत्री वातावरण सिर्जना गरि साझेदार संस्था, निजि क्षेत्रको मनोवल उच्च पार्ने र आय आर्जनका अवसरहरु सिर्जना गरि गरिबी न्यूनीकरण गर्ने,

छ शिक्षाको गुणस्तर सुधार गरी पालिकालाई शैक्षिक क्षेत्रमा अभिवृद्धि गर्ने ।

ज बालमैत्री स्थानीय शासन पद्धतीको कार्यान्वयन गर्ने।

## ८. उपरोक्त उदेश्यहरु पुरा गर्न आर्थिक वर्ष २०८२/०८३ को बजेटका प्राथमिकताहरु निम्नानुसार रहेका छन् ।

१. श्रम रोजगार बैंक, प्रधानमन्त्री रोजगार कार्यक्रम, मुख्यमन्त्री रोजगार कार्यक्रम तथा अन्य रोजगारमूलक आयोजना तथा कार्यक्रम मार्फत सिर्जना गरि बेरोजगारी न्यूनीकरण,

२. संस्थागत सुशासन र सेवा प्रवाहलाई चुस्तदुरुस्त बनाउन गाउँ कार्यपालिकाको कार्यालय तथा मातहतका विभिन्न कार्यलयहरुको व्यवस्थापन,

३. वित्तीय क्षेत्र सुधारको लागि आन्तरिक आम्दानी संकलन तथा परिचालन,

५. जलवायुमैत्री, बालमैत्री, वातावरणमैत्री, बालमैत्री स्थानीय शासन पद्धती कार्यान्वयन,

४ ऐतिहासिक, धार्मिक पर्यटकीय स्थलहरुको संरक्षण, संवद्धन र विकास,

६. गुणस्तरीय र दिगो भौतिक पूवाधार निर्माण,

७. लगानी प्रर्वद्धन, औधोगिक तथा निजी क्षेत्रको विकास तथा व्यापारमा सन्तुलन,

८. गुणस्तरीय तथा व्यवसायिक शिक्षा ।

## ९.बजेट तर्जुमाका आधारः

१. नेपालको संविधान,२०७२
२. दिगो विकासका लक्ष्यहरु,
३. स्थानीय सरकार सञ्चालन ऐन, २०७४
४. नेपाल सरकारको १६ औं योजना, कर्णाली प्रदेशको आवधिक योजना,
५. नेपाल सरकार प्रदेश सरकारको नीति, कार्यक्रम तथा बजेट
६. भगवतीमाई गाउँपालिकाको दोस्रो आवधिक योजनाको अवधारणापत्र
७. नेपाल सरकारले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु,
८. गाउँपालिकाका पदाधिकारी ज्यूहरु, राजनीतिक दल, विषयगत शाखा, नीजि क्षेत्र, विभिन्न सञ्जालहरु, शिक्षक बुद्धिजिवी उद्योगि व्यवसायी र नागरिक समाजबाट प्राप्त राय सुझावहरु समेटी कार्यक्रम तथा बजेट तर्जुमा गरिएको छ ।

## १०. बजेटका समग्र नीतिः

१. कृषिको व्यवसायीकरण, विविधिकरण र बजारीकरणमा जोड दिइनेछ ।
२. श्रम रोजगार बैंक, प्रधानमन्त्री रोजगार, मुख्यमन्त्री रोजगार, तथा अन्य रोजगारमूलक योजना सिर्जना गरि बेरोजगारी न्यूनीकरण गर्न युवा जनशक्ति विदेशिनबाट रोक्न सकिने खालका योजनाहरुमा लगानी गरिने छ ।
३. गाउँपालिकाको संस्थागत सुशासन र सेवा प्रवाहलाई चुस्तदुरुस्त बनाउन गाउँ कार्यापालिकाको कार्यालय तथा वडा कार्यालयहरुको व्यवस्थापन मिलाई सुशासनको प्रत्याभूत गराइने छ ।
४. स्थानीय तहको अधिकार क्षेत्रभित्र गाउँपालिकाले लगाउन र उठाउन पाउने कर, गैरकर तथा राजश्वका स्रोतहरुको पहिचान गर्दै उपलब्ध स्रोत साधनहरुको अधिकतम प्रयोग गरी करको दर र दायरा वृद्धि गरिनेछ। भूमीकर र सम्पत्तिकरलाई वडा कार्यालयबाट नै संकलन गर्ने व्यवस्था तत्काल नै कार्यान्वयन गर्ने व्यवस्था गर्न आवश्यक व्यवस्था गरिएको छ ।
५. जलवायुमैत्री, बालमैत्री, वातावरणमैत्री स्थानीय शासन पद्धती कार्यान्वयन गरिने छ ।
६. ऐतिहासिक, धार्मिक पर्यटकीय स्थलहरुको संरक्षण, संवद्धन र विकास गरिने छ ।
७. गाँउपालिकाको सामाजिक, भौतिक र आर्थिक विकासको लागि आवधिक योजना, मध्यकालिन खर्च संरचनाको कार्यान्वयन, क्षेत्रगत गुरुयोजना निर्माण गरि योजनाबद्ध विकास अभियानहरु

कार्यान्वयन गर्न विभिन्न सरकारी, गैरसरकारी, साझेदार संस्था, निजि क्षेत्र तथा दातृ निकायहरुसँग समन्वय र सहकार्य गरिने छ ।

**सभाध्यक्ष महोदय,**

## ११. आ.व. २०८२/०८३ को संक्षिप्त आय व्यय प्रस्तुत गर्न चाहान्छु ।

आगामी आ.व. २०८२/०८३ को लागि देहाय बमोजिम आय तथा व्यय अनुमान गरेको छु

१. आगामी आ.व. २०८२/०८३ को लागि **कुल ५६ करोड २४ लाख ५७ हजार २ सय चौबीस** रुपैया अनुमान गरेको छु ।

## १२. आ.व. २०८२/०८३ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहान्छु ।

१. कृषि क्षेत्रको आधुनिकिकरण, व्यवसायिकरण र विविधिकरण गर्नको लागि नेपाल सरकारको विशेष अनुदान मार्फत रु. १ करोड २२ लाख रकमको व्यवस्था गरेको छु।

२. पशु सेवा केन्द्रको पशु ल्याब सञ्चालन र पशु सेवा केन्द्रको अन्य कार्यक्रमलाई थप प्रभावकारी बनाउन रु. २२ लाख ५ हजार बजेटको व्यवस्था गरेको छु ।

३. दलित तथा विपन्न नागरिक उज्यालो कार्यक्रमलाई निरन्तरता दिदै उज्यालो कार्यक्रमलाई प्रभावकारी बनाउन रु. ७ लाख २० हजार बजेटको व्यवस्था गरेको छु।

४. प्रधानमन्त्री रोजगार, मुख्यमन्त्री रोजगार, गाउँपालिकाको श्रमरोजगार बैंक कार्यक्रमलाई निरन्तरता दिंदै रोजगारमुलक आयोजना तथा कार्यक्रम कार्यान्वयन मार्फत रोजगारीका अवसर प्रदान गर्न रु. ९८ लाख बजेटको व्यवस्था मिलाएको छु ।

५. नेपाल सरकार र गाउँपालिकाको लागत साझेदारीमा लघु उद्यम विकास कार्यक्रमलाई निरन्तरता दिइएको छ ।

६. आर्थिक विकास र रोजगारी वृद्धिको लागि सहकारी संस्थाहरुको परिचालन, अनुगमन, मूल्याङ्कन र नियमन तथा सहकारीतामूलक संस्कृतिको विकास गरिनेछ । सोको लागि रु. १ लाख ५० हजार रकमको व्यवस्था गरेको छु ।

७. सूचना तथा सञ्चारको पहुँचमा विस्तार गर्नको लागि सरकारी तथा सार्वजनिक निकायमा इन्टरनेट सेवाको विस्तारको लागि रु. १८ लाख रकम विनियोजन गरेको छु।

८. यस गाउँपालिकाको पर्यटन प्रर्वद्धन गरि स्थानीय जनताको जीवनस्तर उकास्न पर्यटन पूर्वाधारको निर्माण, सम्वर्द्धन र विस्तारमा आवश्यक रकम विनियोजन गरेको छु ।

९. **"हाम्रो इच्छा, गुणस्तरिय शिक्षा"** भन्ने नारालाई अवलम्बन गरी आधुनिक प्रविधियुक्त शिक्षण विधि र परिक्षण, स्थानीय पाठ्यक्रमको कार्यान्वयन, पढाई बिचैमा छोड्ने विद्यार्थीहरुको दरलाई न्यून गर्न बालमैत्री शिक्षण पद्धतीलाई अवलम्बन गर्न शिक्षक तथा कर्मचारीहरुलाई आवश्यक तालिम दिइ शिक्षाको गुणस्तर वृद्धि गर्न शिक्षा क्षेत्रमा आवश्यक रकम विनियोजन गरेको छु ।

१०. विद्यालयलाई प्रविधिमैत्री बनाउन आवश्यक सूचना तथा सञ्चार प्रविधिमूलक कार्यक्रम सञ्चालन गर्न ७ लाख ८० हजार बजेट विनियोजन गरेको छु ।

११. जनताको आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितता गर्न, कुपोषण, रोग र भोकबाट बचाउन, स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्न, शारीरिक, मानसिक, सामाजिक र भावनात्मक रुपमा स्वस्थ रहि उत्पादनशील र गुणस्तरीय जीवनयापन गर्न, स्वास्थ्य सेवालाई सर्वसुलभ, कम खर्चिलो र गुणस्तरीय बनाउन आवश्यक रकम विनियोजन गरेको छु ।

१२. नेपाल सरकार र गाउँपालिकाको साझेदारीमा १० शैयाको भगवतीमाई आधारभूत अस्पतालको पूर्वाधार निर्माण कार्यलाई निरन्तरताका लागि रु. **४ करोड ९० लाख**को बजेटको व्यवस्था मिलाएको छु। साथै आधारभूत अस्पतालबाट गुणस्तरिय स्वास्थ्य सेवा प्रदान गर्न र अस्पताल सञ्चालन तथा व्यवस्थानको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१३. महिला स्वास्थ्य स्वयंम सेविकाहरुको मनोवल उच्च गर्न प्रोत्साहन रकमको व्यस्था गरिएको छ।

१४. प्राकृतिक चिकित्सा पद्धतिबाट हुने उपचारका लागि नागरिक आरोग्य सेवा केन्द्रलाई निशुल्क औषधी वितरणका लागि आवश्यक पर्ने औषधी तथा उपकरणहरुको व्यवस्थापन गर्न आवश्यक रकम विनियोजन गरिएको छ ।

१५. बालमैत्री स्थानीय शासन पद्धती कार्यान्वयनका लागि रु. ९ लाख बजेटको विनियोजन गरेको छु।

१६. यस भगवतीमाई गाउँपालिकामा एक घर एक धारा नीति मार्फत स्वच्छ खानेपानी तथा पुर्ण सरसफाई कार्यक्रमलाई निरन्ततरता दिदै सुस्वा परियोजनासँग साझेदारीका लागि रु. १ करोड २० लाख ६० हजार रकमको विनियोजन गरेको छु।

१७. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको व्यवस्थापनका लागी रु. १ लाख ८० हजार रकमको विनियोजन गरेको छु।

१८. परम्परागत लोक कला संस्कृति, जात्रा, मेला, पर्वको संरक्षण, सम्वर्द्धन र विकास गर्नको लागि आवश्यक रकम विनियोजन गरिएको छ ।

१९. सामाजिक न्याय, सामाजिक समानता र समता, सामाजिक सुरक्षा तथा संरक्षणको माध्यमबाट सामाजिक र आर्थिक रुपमा पछाडी परेका वर्ग, समुदाय र महिलाहरुको उत्थानको लागि महिला आयआर्जन तथा क्षामता विकास तालिम सञ्चालन गर्नको लागि आवश्यक रकम विनियोजन गरिएको छ ।

२०. ६० वर्ष देखि ६८ वर्ष मुनिका एकल विदुर पुरुष (अन्य कुनै प्रकारको सुविधा प्राप्त नगरेका) लाई मासिक रुपमा प्रदान गरिदैं आयको भत्तालाई निरन्तरता दिँदै ४५ देखि ६० बर्ष उमेर समुहका एकल महिलालाई जिवन निर्वाह भत्ता उपलब्ध गराउनको लागि रु. ५ लाख ४० हजार रकमको व्यवस्था गरेको छु ।

२१. जातिय विभेद तथा छुवाछुत अन्त्यको लागि जनचेतनामुलक अभियान सञ्चालन, विभिन्न आयमुलक र सिपमुलक कार्यक्रमहरु सञ्चालन गर्न र बाल विवाहको न्यूनीकरणका साथै बालश्रममुक्त गाउँपालिका घोषण गर्ने अभियान सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरिएको छ ।

२२. महिला, दलित विपन्न तथा सिमान्तकृत युवायुवतीहरुलाई लोकसेवा/शिक्षक सेवा तयारी कक्षाका साथै अन्य जेहेनदार तथा विपन्न विद्यार्थीहरुलाई छात्रवृति प्रदान गर्नको लागि आवश्यक रकम विनियोजन गरिएको छ ।

२३. गाउँ युवा परिषद् मार्फत युवा परिचालन, नेतृत्व विकास, सहभागिता, उत्प्रेरणा र सीप विकास गर्न विभिन्न साझेदार निकायसँग समन्वय र सहकार्य गर्न आवश्यक बजेट व्यवस्था गरेको छु ।

२४. गाउँपालिका केन्द्र देखि वडा केन्द्र सम्म जोड्ने सडक बाह्रै महिना यातायात सञ्चालन हुने गरी स्तरोन्नती गर्न आवश्यक रकम विनियोजन गरिएको छ ।

२५. भगवतीमाई गाउँपालिकामा संचालित योजनाहरुलाई जलवायु अनुकूलन बनाउन, विकास निर्माणका कार्यहरु गर्दा वायो इन्जिनियरिङ्ग लाई जोड दिनको लागि जलवायु अनुकूलुनको क्षेत्रमा काम गर्ने साझेदार संस्था र निजि क्षेत्र सँग समन्वय र साझेदारी गर्न आवश्यक रकम व्यवस्था गरिएको छ ।

२६. भगवतीमाई गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न, विपद् जन्य घटनाबाट पिडितलाई राहत तथा उद्दार गर्नको लागि सरकारी तथा

गैर सरकारी संघ संस्थाहरु संग समन्वयर सहकार्य गर्नको लागि आवश्यक रकमको व्यवस्था गरिएको छ ।

२७. स्थानीय सरकारबाट निर्माण तथा सञ्चालनमा रहेका सबै प्रकारका आयोजनाहरुको दीर्घकालिन व्यवस्थापन जनस्तरबाटै गर्नको लागि मर्मत सम्भार कोषको लागि रु. १० लाख रकमको व्यवस्था गरेको छु। साथै सडक मर्मत सम्भार कार्यकर्ता व्यवस्थापनको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

२८. गाउँपालिकाको मुख्य बजार क्षेत्रको फोहोरमैला सुरक्षित संकलन तथा व्यवस्थापनको लागि आवश्यक बजेट व्यवस्था मिलाईएको छ ।

२९. जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकास गर्नको लागि नेपाल सरकार, कर्णाली प्रदेश सरकार र अन्य साझेदार संस्थाहरु संगको समन्वय र सहकार्यमा विभिन्न क्षमता विकास सम्बन्धी तालिम, गोष्ठीको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

३०. गाउँपालिकाको संस्थागत विकास, आर्थिक विकास, सामाजिक विकास र भौतिक पूर्वाधारको विकासका लागि नेपाल सरकार, प्रदेश सरकार, जिल्ला समन्वय समिति, स्थानीय छिमेकी पालिका, सरकारी तथा गैर सरकारी संघ संस्था र दातृ निकायहरु सँग आवश्यक समन्वय र सहकार्य गर्नको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

**सभाध्यक्ष महोदय,**

यस भगवतीमाई गाउँपालिकाको गाउँ सभाको १७ औं अधिवेशनका सभाध्यक्ष ज्यू, जिल्ला समन्वय समितिका सदस्य ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, गाउँ सभाका सम्पुर्ण सदस्य ज्यूहरु, सम्पूर्ण कर्मचारी ज्यूका साथै पत्रकार मित्रहरु प्रति हार्दिक आभार व्यक्त गर्दै कार्यक्रम तथा बजेट माथि रचनात्मक सुझावहरु प्राप्तहुने आशा लिएको छु।प्रस्तुत वार्षिक बजेट तथा कार्यक्रम पारित गर्न सहयोग प्राप्त हुनेछ र पारित पश्चात सफल कार्यान्वयनको लागि आ-आफ्नो क्षेत्रबाट यहाँहरुको महत्वपूर्ण सहयोगको अपेक्षा गर्दै सबै प्रति हार्दिक कृतज्ञता सहित धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद !

**मिना कुमारी खड्का**
**उपाध्यक्ष**
मिति: २०८२/०३/१०

मुद्रकः सूचना प्रविधि शाखा, भगवतीमाई गाउँपालिका, दैलेख ।